

# राष्ट्रिय वाणिज्य बैंक लि. समाचार

देशको आर्थिक सामाजिक विकासमा ४८ वर्षदेखि समर्पित - राष्ट्रिय वाणिज्य बैंक

वर्ष २० अंक ३ माघ-चैत २०६९ Year 20 Vol 3 Feb 2013 -Apr 2013

## राष्ट्रिय वाणिज्य बैंक लि.को सातौं साधारण सभा सम्पन्न

**चैत ३१ काठमाडौं।** राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आर्थिक वर्ष २०६७।०६८ र ०६८।०६९ को छैठौं र सातौ वार्षिक साधारण सभा हालै सम्पन्न भयो। बैकको सिंहदरवार प्लाजास्थित केन्द्रीय कार्यालयमा सम्पन्न साधारण सभाले राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. नरहरि ढकालद्वारा प्रस्तुत आ.व. २०६७।०६८ र आ.व. ०६८।०६९ को वार्षिक प्रतिवेदन तथा वित्तिय विवरणहरू पारित गरेको छ। सो अवसरमा वार्षिक प्रतिवेदन तथा



वित्तिय विवरणहरू सम्बन्धमा शेयर होल्डरले उठाएका विभिन्न जिज्ञासाबारे रावाबैंक संचालक समितिका अध्यक्ष डा.नरहरि ढकाल र बैंकका प्रमुख




कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले जवाफ दिनुभएको थियो। सो क्रममा अध्यक्ष डा. ढकालले बैंकको वित्तिय स्वास्थ्य सवलिकरणमा योगदान पुऱ्याउने नेपाल सरकार नेपाल राष्ट्र बैंक लगायत सम्बध्द सबै पक्षलाई हार्दिक आभार प्रकट गर्दै देशको समष्टिगत आर्थिक अवस्थामा सुधार नआएसम्म गुणस्तरीय लगानी चुनौतीपूर्ण रहेकोले रावाबैंकले छनोटपूर्ण निक्षेप संकलन तथा कर्जा प्रवाहको नीति अवलम्बन गरेको वताउनुभयो।

सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले बैंकमा वित्तीय सुशासन कायम निम्ति आन्तरिक नियन्त्रण पध्दति सशक्त बनाईएको ,पेन्सन ,वृध्द भत्ता वितरण ,दुर्गम स्थानमा बैकिंग सेवा आदी सामाजिक बैकिंगमा संलग्न रहनुपरेको कारण कर्मचारी आकारमा भारी कटौती असंभव भएतापनि प्रविधि प्रयोग र कारोवारको मात्रा बढाई कर्मचारी उत्पादकत्व बढाईने वताउदै बैंकले हालै तर्जुमा गरेको ५ वर्षे व्यावसायिक योजनाको सफल कार्यान्वयन गरी रावाबैंकलाई आधुनिक तथा प्रतिष्पर्धी बैंकको रुपमा विकास गरिने प्रतिवध्दता प्रकट गर्नुभयो।

उक्त साधारण सभामा रावाबैंकका शेयरहोल्डरहरू क्रमश: नेपाल सरकार अर्थ मन्त्रालयका तर्फबाट योगेन्द्र शर्मा ओझा, महालेखा नियन्त्रकको कार्यालयका तर्फबाट सुनिता खनाल, श्रम तथा रोजगार मन्त्रालयको तर्फबाट बुध्दिनाथ भट्टराई,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तर्फबाट देवी पाण्डे, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तर्फबाट रविन्द्रप्रसाद वस्ती, उर्जा मन्त्रालयका तर्फबाट सन्तोष दाहाल, सिंचाई मन्त्रालयका तर्फबाट सोमराज बराल,उद्योग मन्त्रालयका तर्फबाट रुद्र मल्ल र वाणिज्य तथा आपूर्ति मन्त्रालयका तर्फबाट नुतराज पोखेलको प्रतिनिधित्व रहेको थियो।

*बाँकी अन्तिम पृष्ठमा*

## यस अंकमा

- राष्ट्रिय वाणिज्य बैंकको सातौ साधारण सभा सम्पन्न
- निवृत्तीभरण सम्बन्धी अन्तरक्रिया
- राष्ट्रिय वाणिज्य बैंकको ४८ औं वार्षिकोत्सव.........
- ठोसेमा राष्ट्रिय वाणिज्य बैंकको शाखारहित बैकिंग
- राष्ट्रिय वाणिज्य बैंकको राष्ट्र सेवक कर्जा
- बैक यान्त्रिकीकरणका केही अनुभव ....कपिलमणि ज्ञवाली
- साथमा मानव संशाधन लगायत अन्य स्थायी स्तम्भहरू

# सम्पादकीय

नेपालको बैकिंग विकासमा महत्वपूर्ण योगदान पुरयाउँदैआएको राष्ट्रिय वाणिज्य बैंकको छैठौं र सातौं साधारण सभा हालै सम्पन्न भएको छ । सो सभामा संवोधनका क्रममा बैंक संचालक समितिका अध्यक्ष डा. नरहरि ढकालले बैंकको वित्तीय स्वास्थ्य सवलिकरणमा योगदान पुरयाउने सबैलाई आभार प्रकट गर्दै आगामी दिनमा बैंकको कर्जा लगानीलाई गुणस्तरीय बनाउन देशको समष्टिगत आर्थिक अवस्थामा सुधारको आवश्यकता औल्याउनुभएको छ । वास्तवमै देशको अर्थतन्त्र दिनानूदिन खस्कंदो अवस्थामा रहेको छ,चालु त्रिवर्षिय योजनामा बैंकको आर्थिक बृद्धि साढे ५ प्रतिशत पुरयाउने लक्ष्य राखिएकोमा योजनावधिको अन्तिम यस वर्षमा बृध्दिदर ३ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरिएको छ, उता मुद्रास्फिति दोहोरो अंकबाट उकालो लाग्ने क्रम देखिंदा सर्वसाधारण जनताको जीवन कष्टकर बन्ने परिदृश्य हाम्रा सामु छ । एकातर्फ बैंकहरू साधनको अभाव महसूस गर्न थालेका छन् भने अर्कोतर्फ साधन हुने बैंकहरूले उपयुक्त लगानी वातावरण पाईरहेका छैनन् । यस पृष्ठभूमिमा देशको समष्टिगत आर्थिक सुधार आजको अहम सवाल हो । आर्थिक सुधार राजनैतिक अन्योलले अलमलमा परेको छ, आज बैकिंग क्षेत्रको तरलता भन्दा पनि राजनैतिक तरलता देशको आर्थिक उन्नयनमा अवरोधको रुपमा देखा परेको छ । वि.सं.२०६९ अलमल अन्योलमै वित्यो । वि.सं.२०७० ले देशमा दूरगामी राजनैतिक निकाश दिनुका साथ सबै राजनैतिक शक्तिलाई देशका आर्थिक मुध्दाहरूमा एकै विन्दुमा ल्याई देशलाई अग्रगामी यात्रामा डोर्याउन सकोस्, हाम्रो यहि प्रार्थना ।

**श्री सम्पादकज्यू**
**राष्ट्रिय वाणिज्य बैंक समाचार**

मैले त्यस बैंकद्वारा केही पहिले विज्ञापित तेश्रो तहको पदमा आवेदन भरी नेपालगन्जमा संचालित परीक्षामा सहभागी भएकी थिए । परीक्षा अंग्रेजी माध्यमबाट पनि दिन पाईने भएकोले प्रश्न अंग्रेजीमा समेत दिईएला भन्ने सोचेकी थिएं तर दुर्भाग्य प्रश्न त नेपालीमा मात्र हुंदोरहेछ । अंग्रेजी माध्यमको स्कूलबाट अध्ययन गरेकी र अंग्रेजीमै तयारी गरेकी मलाई नेपाली प्रश्न बुझ्न कठिन भयो, परीक्षा हलमा सरहरूलाई सोधेको उहांहरू पनि चूप, मसंग परीक्षा छोड्नुको विकल्प रहेन । आगामी दिनमा प्रश्नहरू दुबै भाषामा आउन् ।

*प्रार्थना पोखेल, दाङ*

**श्री सम्पादकज्यू**
**राष्ट्रिय वाणिज्य बैंक समाचार**

म एक सरकारी सेवाबाट निवृत्त पेन्सन होल्डर हुं । रावावैंकको कुनै शाखाबाट दिवा समयमा पेन्सन बुझ्दैआएकोमा हाल विहान आउनुपर्ने व्यवस्था गरिएको भनी दिवा समयमा रित्तो हात फिर्ता भएं ।

विहान पेन्सन दिएको ठीक छ, तर दिउसो आउनेले दिउसो पनि त पाए राम्रो हुन्थ्यो होईन र ?

*एक सेवाग्राही, काठमाडौं*

## राष्ट्रिय वाणिज्य बैंक समाचारको अनुरोध

**यस समाचारमा प्रकाशनार्थ कार्यक्रम विवरण, तस्वीर लगायतका सूचना सामग्रीहरू कार्यक्रम सम्पन्न भएको तीन दिनभित्र तलको ठेगानामा पठाई सहयोग गर्नुहुन यस बैंकका सम्पूर्ण विभाग, कार्यालय तथा तीनवटै यूनियनहरूलाई अनुरोध छ साथै रा.वा.बैंक समाचारको एक प्रति जनसाधारणले देख्ने गरी सूचना पाटीमा टाँस्ने व्यवस्था निम्ति सबै शाखा कार्यालयहरूलाई अनुरोध छ ।**

**सम्पादक**
**राष्ट्रिय वाणिज्य बैंक समाचार**
**राष्ट्रिय वाणिज्य बैंक**
**केन्द्रीय कार्यालय**
**सामान्य सेवा विभाग**
**सिंहदरवार प्लाजा काठमाडौं, ईमेल :** rbbnl@rbb.com.np
**फ्याक्स : ४२४९५६५**

## प्रमुख कार्यकारी अधिकृत शर्माद्वारा अवलोकन भ्रमण

राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मा सिंगापुर र मलेशियाको अवलोकन भ्रमण गर्नुभयो । वि.सं.२०६९ फाल्गुण २४ गतेदेखि ३० गतेसम्म एक हप्ता लामो सो अवलोकन भ्रमणका क्रममा प्रमुख कार्यकारी अधिकृत शर्माले एजेन्सी कारोवारको दक्षता अभिबृध्दिका साथै बैकिंग माध्यमबाट विप्रेषण कारोवार बढाउने सम्बन्धमा त्यहांस्थित एजेन्सी तथा रेमिटान्स सेवा प्रदायकहरूसंग विस्तृत विचार विनिमय गर्नुभएको थियो ।

## राष्ट्रिय वाणिज्य बैंकको राष्ट्र सेवक कर्जा

राष्ट्रिय वाणिज्य बैंकले निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी ,स्थानीय निकाय एवं सरकारी एवं अर्ध सरकारी संस्थामा रही राष्ट्र सेवामा संलग्न कर्मचारीलाई लक्षित गरी राष्ट्र सेवक कर्जा बजारमा ल्याएको छ । २१ वर्ष उमेर पुगेको, कम्तिमा ५ वर्ष सेवा अवधि बांकी रहेको, बैंकको त्रैमाशिक किस्ता चुक्ता गर्न पुग्ने तलव तथा अन्य आमदानी भएको राष्ट्र सेवकले यो कर्जा प्राप्त गर्न सक्ने छन् । रु १० लाख वा ५ वर्षको कुल तलव भत्ता ७० प्रतिशतमध्ये कम हुने रकम बरावर प्रदान गरिने यस कर्जा सेवाको व्याजदर १० प्रतिशत रहेको छ । यो कर्जा सेवा उपभोग गर्ने कर्मचारीलाई निशुल्क एटिएम सेवा, लकर शुल्कमा शुन्य दशमल पचास प्रतिशत र ट्राभलर्स चेकमा लाग्ने सम्पूर्ण शुल्कका साथै इन्टरनेट बैकिंग र मोबाईल बैकिंगमा १ वर्षको शुल्क छुट,शून्य मौज्दातमा खाता खोल्ने र रु २ लाखसम्मको एविविएस निशुल्क गर्ने लगायतका छुट । सुविधा उपलव्ध हुनेछन् ।

## प्रचारभन्दा परको एक व्यक्तित्व



रावावैंकको पुंजी योजना कार्यान्वयन सफलतातर्फ लम्कंदो छ । यो योजना तयार पार्नमा एक व्यक्तित्वको ठूलो हात छ ,बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूका अनुसार उहांले तयार पारेको पुंजी योजना हुवहु यानी अक्षरश: कार्यान्वयन हुंदैआएको छ । को होला रावावैंकको पुंजी योजना तयार पार्ने त्यो व्यक्तित्व ? उहां हुनुहुन्छ केन्द्रीय कार्यालय वित्त विभागका सह मुख्य अधिकृत (सि.ए.)सरस्वती अधिकारी । पोखरा उपमहानगरपालिका ५ मदनमार्ग माले पाटनमा जन्मनुभएकी सुश्री सरस्वती अधिकारी University of Madras Chepauk ( India) बाट प्रथम श्रेणीमा एम.कम.को शैक्षिक योग्यता हासिल गर्नुभएको छ । Institute of Chartered Accountants of India – Chennai बाट ३ वर्षको आर्टिकलशीप पूरा गर्नुभएकी सुश्री अधिकारीले विभिन्न महत्वपूर्ण जिम्मेवारीको अनुभव संगाल्नुभएको छ । सुश्री अधिकारी ले २०६४ सालमा रावावैंक प्रवेश गरेयता बैंकको लेखा व्यवस्था सुदृढिकरण र वित्तिय स्वास्थ्य सवलिकरणमा महत्वपूर्ण योगदान पुरयाउंदैआउनुभएको छ । सोही योगदानको कदरस्वरुप रावावैंकले ४८ औं वार्षिकोत्सवको अवसर पारी उहांलाई सर्वोत्कृष्ट बैंक कर्मचारीको पुरष्कार प्रदान गरेको थियो । हाल वित्त विभागको उपप्रमुखको जिम्मेवारी सम्हाल्दै आउनुभएकी कर्मलाई पूजा मान्ने,मृदुभाषी,अग्लो व्यक्तित्व सुश्री अधिकारीसंग रावावैंक समाचारले संक्षिप्त कुराकानीको प्रयास गरेको थियो तर यसमा पनि उहां अरुभन्दा भिन्न नै देखिनु भयो, यो पेशागत एवं व्यवसायिक संसार मा थोरै मानिस हुन्छन् आफनो प्रचार प्रसार नचाहने, काम गर्ने तर प्रचार नखोज्ने थोरै मानिसको पंक्तिमा देखिनुभयो सरस्वतीजी, वधाई छ उहांको उत्कृष्टतालाई ।



**पूर्व नायव महाप्रवन्धक खेमरन्जन बराललाई सम्मान गरिदै ।**

# रावावैंकको ४८ औं वार्षिकोत्सव भव्यतापूर्वक मनाईयो

**माघ १०, काठमाडौं ।** राष्ट्रिय वाणिज्य बैंकको ४८ औं वार्षिकोत्सव देशभर विविध कार्यक्रमहरू आयोजना गरी भव्यतापूर्वक मनाईयो । यसै सिलसिलामा केन्द्रीय कार्यालय परिसरमा अर्थमन्त्री वर्षमान पुन अनन्तको प्रमुख आतिथ्यमा वार्षिकोत्सव मूल समारोहको आयोजना गरियो । सो अवसरमा अर्थमन्त्री पुनले केन्द्रीय कार्यालय परिसरमा जडान गरिएको



क्यास डिपोजिट मेसिनको शुभारम्भ गर्नुभयो । सो अवसरमा अर्थमन्त्री पुनले देशको अर्थतन्त्रमा रावावैंकको योगदान अरु प्रभावकारी बनाउन चौतर्फी दवावको वावजुद सरकारद्वारा बैंकको पुंजी थप गरिएको वताउदै बैंक व्यवस्थापन तथा कर्मचारीलाई पेशेवर ढंगले जिम्मेवारी निर्वाह गर्न आग्रह गर्नुभयो । रावावैंकको ४७ वर्षे इतिहासमा सरकारले पहिलोपटक खुला प्रतिष्पर्धाबाट प्रमुख कार्यकारी अधिकृत नियुक्त गरेको तथ्यले सरकारको राजनैतिक हस्तक्षेप नगर्ने नीति मुखरित भएको बताउदै बैंकको कुनै सम्पत्ति अनधिकृत कब्जा भएको भए बैंककै स्वामित्व र भोगचलनमा ल्याउने व्यवस्था मिलाउन व्यवस्थापनलाई निर्देशित गर्नुभयो । सो अवसरमा नेपाल राष्ट्र बैंकका गभर्नर युवराज खतिवडाले पछिल्लो १० वर्षमा बैंकको



लगानी अपेक्षित रुपमा नबढेको भन्दै बजार हिस्सा अघि बढाउन विस्तृत योजनाका साथ अघि बढ्न तथा वित्तिय पहुंच अभिबृध्दिका लागि संभाव्य स्थानमा शाखा पुनस्थापना तथा स्थापना गर्न बैंकलाई सुझाउनुभयो । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले स्वागत मन्तव्य दिनुभएको थियो । सो अवसरमा बैंकमा दीर्घ सेवा गरी योगदान पुरयाउने पूर्व नायव महाप्रवन्धक खेमरन्जन बराल तथा रावावैंकको व्यानर बोकी मनास्लु पुरयाउने पर्वतारोही संजय पण्डितलाई सम्मानित गरिएको थियो भने बैंकका का.मु. कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझाले पुरष्कृत शाखा तथा कर्मचारीको घोषणा गर्नुभएको थियो ।



रावावैंक संचालक समितिका अध्यक्ष डा. नरहरि ढकालको सभापतित्वमा सम्पन्न उक्त समारोहमा नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंकका केन्द्रीय अध्यक्ष चन्द्रराज अधिकारी,नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंकका केन्द्रीय अध्यक्ष उध्दवप्रसाद गौतम, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघका केन्द्रीय अध्यक्ष नारायणप्रसाद सुवेदी र रावावैंक पूर्व कर्मचारी संघका अध्यक्ष रामशान्त श्रेष्ठले बैंक र कर्मचारी सम्बन्धमा सम्वध्द यूनियनका धारणाहरू राख्नुभएको थियो । नेपाल सरकारका वरिष्ट आर्थिक सल्लाहकार डा. श्रीराम पौडेल, अर्थसचिव शान्तराज सुवेदी, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय गोपाल प्रसाद काफ्ले र महाप्रसाद



अधिकारी, राष्ट्रिय वाणिज्य बैंकका संचालकहरू विष्णुदास डंगोल,पितृभक्त पोखेल,वालचन्द्र श्रेष्ठ,लक्ष्मण न्यौपाने, विभिन्न बैंक तथा वित्तिय संस्थाका प्रमुखहरू, राष्ट्रिय संचार माध्यमका प्रतिनिधिहरूको साथै रावावैंकका विभिन्न तह र ओहदाका वहालवाला तथा सेवा निवृत्त कर्मचारीको भव्य समुपस्थिति थियो ।

यसैबीच राष्ट्रिय वाणिज्य बैंकको ४८ औ वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा कुल ११० कर्मचारीले रक्तदान गरे । यसै अवसरमा बैंकद्वारा वृहत कवि गोष्ठी समेत आयोजना गरियो । बैकद्वारा



आयोजित आन्तरिक कविता प्रतियोगितामा दिनेश कुमार शर्माले प्रथम स्थान हासिल गर्नुभयो । प्रतियोगिता संयोजन समितिको सदस्य रहनुभएका र गत वर्ष प्रथम हुनुभएका शर्माले यस वर्ष पनि प्रथम स्थान हासिल गरी काव्य क्षेत्रमा आश्चर्यजनक इतिहास वनाउनुभएको छ । यसै गरी मणिराज सिंह, मुकुन्द अर्याल, पद्म कुमारी सापकोटाका कमशः ढुंगाहरू,



मान्छेभित्रको मान्छे र नारी आवाज शीर्षकका कविताहरू समेत पुरष्कृत भए । साहित्यिक उपसमितिका संयोजक सूर्य बहादुर वस्नेतको सभापतित्व तथा दिनेश विक्रम थापाको संचालनमा प्राज्ञ डा.वेन्जु शर्माको प्रमुख आतिथ्य तथा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माको विशेष आतिथ्यमा सम्पन्न उक्त कवि गोष्ठीमा अतिथि कविहरू शैलेन्द्र साकार ,राम बहादुर पहाडी, सुकुम शर्मा, लक्ष्मण गाम्नागे, हिरण्य कुमारी पाठक ,कर्णाद महर्षि लगायतका कविहरूले कविता, प्यारोडी तथा मन्तव्य प्रस्तुत



मनास्लु आरोही सन्जय पण्डितलाई सम्मान गरिँदै

गरेका थिए । यसैगरि बैंकद्वारा आयोजित ५ कि.मि. लामो आन्तरिक दौड प्रतियोगितामा लाल बहादुर थापा,धुब थापा र शम्भु थापा क्रमश:प्रथम ,द्वीतिय ,तृतिय स्थान हासिल गर्न सफल भए । रावाबैंक संचालक समितिका सदस्य विष्णुदास डंगोलले माघ ९ गते केन्द्रीय कार्यालय परिसरमा आयोजित एक समारोहका बीच प्रतियोगिताका विजयीलाई नगद तथा प्रमाणपत्र,रक्तदाताहरूलाई सम्मानपत्र र दीर्घसेवा गर्नेलाई दीर्घसेवा पदक प्रदान गर्नु भयो ।

**पुरष्कृत शाखाहरू**

**सर्वप्रथम शाखा १) शा.का. सिन्धुली र शाखा कार्यालय निजगढ**

**नेपालगन्ज क्षेत्र**

प्रथमः शा.का. विजुवार (खलंगा) र शा.का. तुलसीपुर
द्वीतिय : शा.का.सुर्खेत
तृतियः शा.का. कोहलपुर

**पोखरा क्षेत्र**

प्रथमः शा.का. सन्धीखर्क र शा.का.महेन्द्रपुल
द्वीतिय : शा.का.आरुघाट र शा.का. पृथ्वीचोक
तृतियः शा.का. अमरसिंह चोक

**काठमाडौं क्षेत्र**

प्रथमः शा.का. महाराजगन्ज
द्वीतिय : शा.का.वालाजु
तृतियः शा.का. भोटाहिटी

**विरगन्ज क्षेत्र**

प्रथमः शा.का. सिन्धुली र शा.का. निजगढ
द्वीतिय : हेटौंडा
तृतियः लालवन्दी

**विराटनगर क्षेत्र**

प्रथमः शा.का. दिक्तेल
द्वीतिय : शा.का.दमक
तृतियः शा.का. इटहरी

**पुरस्कृत कर्मचारी**

| सि. नं. | पद | कर्मचारीको नाम | कार्यरत कार्यालय | पुरष्कारको प्रकार |
|---|---|---|---|---|
| १. | चा.ए. | सरस्वती अधिकारी (११३७१) | के.का. वित्त विभाग | सर्वोत्कृट |
| २. | सहायक चौथो | प्रभुराज जोशी (११४२४) | शा.का. वझाङ्ग | उत्कृष्ट |
| ३. | सहायक चौथो | राज कुमार कहार (७६०५) | शा.का.नेपालगन्ज | उत्कृष्ट |
| ४. | सहायक चौथो | हस्त बहादुर शाही (११४७०) | शा.का. दैलेख | उत्कृष्ट |
| ५. | सहायक पांचौ | जगतसिंह खत्री (१०४३७) | शा.का. वझाङ्ग | उत्कृष्ट |
| ६. | स.चौ. कम् .स. | विनेश कुमार बन् (११५०५) | शा.का. कुश्मा | उत्कृष्ट |
| ७. | सहायक पांचौ | विश्व घिमिरे (८८१७) | शा.का. अमरसिंह चोक | उत्कृष्ट |
| ८. | सहायक पांचौ | श्रीचन् श्रेष्ठ (५८१४) | शा.का. वुटवल खस्यौली | उत्कृष्ट |
| ९. | सहायक पांचौ | शिव गौतम (९३३७) | शा.का. भैरहवा | उत्कृष्ट |
| १०. | ले.अ. | हरिश्चन्द्र भट्ट (१११८१) | मु.शा.का.काठ | उत्कृष्ट |
| ११. | स.ले.अ. | विजयराज घिमिरे (६८८८) | शा.का.थापाथली | उत्कृष्ट |
| १२. | सहायक चौथो | कर्ण बहादुर खड्का (६४४४) | शा.का. वालाजु | उत्कृष्ट |
| १३. | सहायक पांचौ | चण्डिकादेवी श्रेष्ठ (६४४४) | शा.का. सूर्यविनायक | उत्कृष्ट |
| १४. | सहायक चौथो व.वा. | रामभक्त खड्का (४५२३) | शा.का.कीर्तिपुर | उत्कृष्ट |
| १५. | सहायक चौथो | सिताराम कोईराला (९३७६) | शा.का. सिन्धुली | उत्कृष्ट |
| १६. | सहायक पांचौ | विमला विष्ट (९१६४) | शा.का. हेटौंडा | उत्कृष्ट |
| १७. | स.चौ. क. सहायक | समित कुमार ठाकुर (११५०३) | शा.का. गरुडाबजार | उत्कृष्ट |
| १८. | सहायक पांचौ | तेजनारायण पासवान (९६२९) | शा.का.वीरगन्ज | उत्कृष्ट |
| १९. | सहायक पांचौ | मोहम्मद अवास (८२५०) | शा.का. राजविराज | उत्कृष्ट |
| २०. | सहायक पांचौ | मोहनकुमार दाहाल (८२१८) | शा.का. इटहरी | उत्कृष्ट |
| २१. | सहायक चौथो | पर्वत थापा (११५५६) | शा.का.विर्तामोड | उत्कृष्ट |
| २२. | सह लेखा अधिकृत | जय प्रसाद शाह (९९१५) | शा.का.धरान | उत्कृष्ट |
| २३. | चा.ए. | सुनिल पोखेल (११३६२) | आ.ले.प.विभाग | उत्कृष्ट |
| २४. | कानुन अधिकृत | विष्णुप्रसाद कंडेल (११३७२) | कानुन विभाग | उत्कृष्ट |
| २५. | स.ले.अ. | कुल बहादुर धिमाल (९२६७) | ट्रेजरी विभाग | उत्कृष्ट |
| २६. | स.ले.अ. | सरोज कोइराला (११९००) | कर्जा विभाग | उत्कृष्ट |
| २७. | स.ले.अ. | भद्रा कुमारी राई (८२७७) | मानव संशाधन विभाग | उत्कृष्ट |
| २८. | कम्प्युटर अधिकृत | विकाश गिरी (११३८६) | सूचना प्रविधि विभाग | उत्कृष्ट |
| २९. | आइ.टि. अफिसर | मुरलीधर भट्ट (११२९७) | कार्ड पेमेन्ट तथा सेटलमेन्ट विभाग | उत्कृष्ट |
| ३०. | सवारी चालक | वावुकाजी महर्जन (१११६१) | सा.से.वि. | उत्कृष्ट |
| ३१. | सहायक चौथो व.वा. | जित बहादुर तामांग (१०२१६) | प्र.का.अ.का. | उत्कृष्ट |

यसैगरी देशका विभिन्न भागमा रहेका शाखा कार्यालयहरूमा रावावैंकको ४८ औ वार्षिकोत्सव उत्शाहपूर्ण ढंगले मनाईएका खवरहरू प्राप्त भएका छन् ।

**वीरगन्ज**

राष्ट्रिय बाणिज्य बैंक लिमिटेड को ४८औं वार्षिकोत्सव शाखा कार्यालय वीरगन्जद्वारा विविध कार्यक्रमहरूको आयोजना गरी मनाईयो । चेम्बर अफ कमर्स वीरजन्जका अध्यक्ष अशोक कुमार वैद्यको प्रमुख आतिथ्यमा सम्पन्न विशेषः समारोहमा पर्शाका प्रमुख जिल्ला अधिकारी कैलाश कुमार वजिमय, नेपाल राष्ट्र बैंक वीरगन्जका प्रवन्धक शंकर प्रसाद आचार्य,




नेपाल फर्मास्युटिकल ल्याब्रोटरीका प्रोप्राईटर महेन्द्र बहादुर अमात्य,नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंक वीरगन्जका नरसिंह नारायण यादव ,रावावैंक कर्मचारी संघ नेपाल वीरगन्जका राजु उपाध्याय लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो । रावावैंक वीरगन्ज क्षेत्रका प्रवन्धक नर्वदेश्वर पाठकको सभापतित्वमा सम्पन्न उक्त समारोहमा शाखा कार्यालय वीरगन्जका प्रवन्धक सदानन्द मेहताले स्वागत मन्तव्य दिनुभएको थियो । सहायक प्रवन्धक वरुण कुमार कर्णको संचालनमा सम्पन्न उक्त कार्यक्रममा क्षेत्रीय कार्यालय वीरगन्जका महेन्द्र देव ठाकुले कविता वाचन गर्नुभएको थियो । त्यस अवसरमा बैंकद्वारा संचालित आन्तरिक हाजिरी जवाफ तथा खेलकुद प्रतियोगिताका विजयीहरूलाई पुरष्कार प्रदान गरिएको थियो ।

**बेलवारी**

राष्ट्रिय बाणिज्य बैंक लिमिटेड को ४८औं वार्षिकोत्सव शाखा कार्यालय बेलवारीद्वारा ब्यापारीवर्ग,सरकारी कर्मचारी,बैंकका पूर्व कर्मचारी, बैंकका ग्राहक,शुभेच्छुकहरूको समुपस्थितिमा भव्यताका साथ मनाईयो । उक्त समारोहमा प्रमुख अतिथि उद्योग ब्यापार संघ बेलवारीका अध्यक्ष योगेन्द्र सुबेदीले रावाबैंकले यसरी ग्राहक,शुभेच्छुक भेला गराई आफनो वार्षिकोत्सव मनाउँदा बैंक सवैको साझा रहेको अनुभूति भएको वताउँदै



आउँदा दिनमा बैंक र ब्यापारीवर्गको सहकार्यमा सामाजिक कार्य पनि अघि बढाउनुपर्ने बताउनु भयो । उक्त अवसरमा सुरक्षा प्रमुख सञ्जयसिंह थापा,सानिमा बैंक लि.का प्रबन्धक बावुलाल शाह,महिला प्रतिभा संघकी अध्यक्ष मीनु राई,समाजसेवीहरू योगेन्द गुरुङ्ग,राजकुमार लिम्वु, डिल्ली बहादुर थापा, उद्योग ब्यापार संघ बेलवारीका महासचिव राजेशजङ्ग कार्की लगायतका वक्ताले शुभकामना मन्तव्यमा बैंकले ग्राहकहरूलाई बिश्वास कायम गर्न सकेको, अन्य बैंकको भन्दा राष्ट्रिय बाणिज्य बैंकको भविष्य

उज्ज्वल रहेको र यसलाई कायम राख्न बैंक र कर्मचारी अझै परिवर्तित हुनुपर्ने बताउनु भयो । कार्यक्रमको अन्त्यमा सभाध्यक्षको आसनबाट प्रवन्धक जानुका भट्टराई थापाले ग्राहकहरूले देखाएको विश्वास र मायाले नै बैंकले सफलता हासिल गर्न सकेको र आगामी दिनमा बैंकले ग्राहकलाई थप सेवा र सुविधा उपलव्ध गराउने प्रतिवध्दता प्रकट गर्नुभयो ।

**विदुर**

राष्ट्रिय वाणिज्य बैंकको ४८ औं वार्षिकोत्सवको सुखद अवसरमा शाखा कार्यालय बिदुरद्वारा सदरमुकाम बिदुरस्थित इलम प्रशिक्षण केन्द्रको हलमा चियापान कार्यक्रमको आयोजना गरियो । प्रमुख जिल्ला अधिकारी जीवन प्रसाद ओलीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, विभिन्न सरकारी कार्यालय, वित्तिय तथा शैक्षिक संस्थाका प्रमुखहरू, स्थानिय राजनैतिक दलका प्रतिनिधीहरू तथा संचार



माध्यमका पत्रकारहरू लगायत अन्य शुभेच्छुकहरूको उल्लेखनीय उपस्थिति थियो । सो कार्यक्रममा शाखा कार्यालयका प्रबन्धक शैलेन्द्र कुमार शाहले समग्र बैंकको तथा शाखा कार्यालय बिदुरको गत पौष मसान्तसम्मको वित्तिय स्थिती एवं आगामी कार्य योजना बारेमा प्रकाश पार्नुभएको थियो भने प्रमुख जिल्ला अधिकारी जीवन प्रसाद ओली तथा नुवाकोट उद्योग वाणिज्य संघका अध्यक्ष राजन श्रेष्ठले शुभकामना मन्तव्य दिनुभएको थियो भने शाखा कार्यालयका प्रबन्धक शैलेन्द्र कुमार शाहले समग्र बैंकको तथा शाखा कार्यालय बिदुरको गत पौष मसान्तसम्मको वित्तिय स्थिती एवं आगामी कार्य योजना बारेमा प्रकाश पार्नुभएको थियो ।

**गोरखा**

यसैगरी शाखा कार्यालय गोर्खाको आयोजनामा वार्षिकोत्सव भव्यतापूर्वक



मनाईएको समाचार प्राप्त भएको छ ।

**राजविराज**

यसैगरी शाखा कार्यालय राजविराजमा पनि बैंकको वार्षिकोत्सव भव्यतापूर्वक मनाईयो । सप्तरीका प्रमुख जिल्ला अधिकारी हरिराज पन्तको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा प्र.जि.अ. पन्तले जनताको बैंक



बन्न सफल रावावैंकको व्यवस्थापन पक्षमा थप सुधारको आवश्यकता औंल्याउनुभयो । नेपाल पत्रकार महासंघ सप्तरीका सचिव राजेश झाले रावावैंकले सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्नु पर्ने , जिल्लाको विकासका लागि कर्जा लगानी बढाउनु पर्ने र अन्य आवश्यक स्थानमा शाखा विस्तार गर्नुपर्ने लगायतका सुझावहरू सुझाउनुभयो । सो अवसरमा शाखा प्रवन्धक श्याम कुमार ठाकुरले यस शाखामा ५० हजार बढी खातावाल मार्फत १ अर्ब ५० करोड बढी निक्षेप संकलन गरिएको वताउनुभयो ।

## श्रद्धाञ्जली



यस बैंकको शाखा कार्यालय गुल्मीका प्रवन्धक झपट बहादुर रानाभाट (८३०८) को ०६९ माघ २३ मा निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिका निम्ति सर्वशक्तिमान भगवानसंग प्रार्थना गर्दै हार्दिक श्रध्दान्जली अर्पण गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक
परिवार

## श्रद्धाञ्जली



यस बैंकको शाखा कार्यालय दार्चुलाका सहायक प्रवन्धक राज बहादुर ठकुराठीको मिति ०६९ चैत ११ गते निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिका निम्ति सर्वशक्तिमान भगवानसंग प्रार्थना गर्दै हार्दिक श्रध्दान्जली अर्पण गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक
परिवार

## समवेदना

यस बैंकको केन्द्रीय कार्यालय सामान्य सेवा विभागका प्रमुख शशि आचार्यकी माता गंगादेवी आचार्य (८०) को मिति ०६९।१२।२५ मा, शाखा कार्यालय ईनरुवाका सहायक चौथो मणि प्रसाद निरौला (१०२१५) की माता डम्वर कुमारी निरौलाको मिति २०६९।२।९ मा, शाखा कार्यालय चरिकोटका नगद सहायक कुमाले खत्री (८९४४) की माता कान्छी खत्रीको मिति २०६९।३।१७ मा, शाखा कार्यालय कलैयाका सहायक पांचौ कुमार दाहाल (९३२७) की माता तेज कुमारी उपाध्यायको मिति २०६९।२।१ मा, शाखा कार्यालय कोटीहवाका वरिष्ठ वाहक हरि वहादुर कुंवर (९०९६) की माता कुवारी कुंवरको मिति २०६९।३।२० मा, शाखा कार्यालय लम्कीका सहायक पांचौ राम वहादुर सिंह (७८२०) की माता हरि देवी सिंहको मिति २०६९।३।१५ मा, शाखा कार्यालय, थापाथलीका सहायक पांचौ श्री गोविन्द प्रसाद श्रेष्ठ (४९४८) की माता बृख माया श्रेष्ठ को मिति २०६९।३।२३ मा, प्रमुख कार्यकारी अधिकृतको कार्यालयमा कार्यरत सहायक पांचौ अग्र वहादुर विष्ट (८९७७) का पिता जक्ति राम विष्टको मिति २०६९।३।३० मा, के.का. मानव संशाधन विभागका सहायक पांचौ तारा प्रसाद शर्मा पौडेल (९६११) का पिता हरिलाल पौडेलको केही पहिले, शाखा कार्यालय वरगाछीका सहायक पांचौ नारायण प्रसाद आचार्य (५०११) का पिता जय प्रसाद आचार्यको मिति ०६९।९।११ मा, शाखा कार्यालय धनगढीका सु.गा. कृष्ण बहादुर चन्द (११२६५) की माता पार्वती देवी चन्दको मिति ०६९।१०।२ मा, सा.से.वि.का. स.ले.अ. दिपक कुमार श्रेष्ठ (१०,३२२) का पिता कृष्णधन श्रेष्ठको मिति २०७०।०१।०४ मा र शाखा कार्यालय थापाथलीका सहायक चौथो राधा कुमारी कोलाक्षपति (५७०३) का पति बसन्तराज कोलाक्षपतिको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तीको निम्ती परमेश्वरसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक
परिवार

# २०६९।११।१४ सम्मको सरुवा विवरणः

| पद | कर्मचारीको नाम थर | क.नं. | साविक कार्यालय | हालको कार्यालय |
|---|---|---|---|---|
| सहायक पांचौ | श्री कल्पना थापा | १०१८२ | शाखा कार्यालय, ठिमी | शाखा कार्यालय, सानो ठिमी |
| सहायक पांचौ | श्री घनश्याम प्र. अधिकारी | १५३४ | शाखा कार्यालय,भद्रपुर | शाखा कार्यालय, फिक्कल |
| सहायक पांचौ | श्री नारायण जंग कुवर | ६८७८ | शाखा कार्यालय, नेपालगंज | क्षे.का. नेपालगंज |
| सहायक पांचौ | श्री धनेन्द्र विश्वकर्मा | १०३९१ | मु.शा.का.काठमाण्डौं | विराटनगर |
| सहायक पांचौ | श्री रेशम राज गौतम | १०४०१ | जुम्ला | लमही |
| सहायक पांचौ | श्री दिपक अर्याल | ६५२६ | बालाजु | मु.शा.का. काठमाण्डौं |
| सहायक पांचौ | श्री तारा प्रसाद शर्मा | ९६११ | अन्तर शा.हि.मि.बिभाग | मा.सं.विभाग |
| सहायक पांचौ | श्री पुष्प राज श्रेष्ठ | १०५४७ | मु.शा.का.काठ | किर्तिपुर |
| सहायक पांचौ | श्री कृष्ण के.सी | ८७६० | नारायणघाट | गजुरी |
| सहायक पांचौ | श्री मन वहादुर पुन | ९३३९ | वर्दघाट | सुनवल |
| सहायक पांचौ | श्री राजेन्द्र प्रसाद चौधरी | ८७७५ | लाहान | सुखीपुर |
| सहायक चौथो | श्री धन वहादुर तामांग | ७५५८ | शिवगंज | विर्तामोड |
| सहायक चौथो | श्री अरवेन्द्र कुमार ठाकुर | ११५१३ | जनकपुर | अमरसिंहचोक |
| सहायक चौथो | श्री अंजित सिंह राय | ११५५५ | गौर | रामनगर |
| सहायक चौथो | श्री कमल के.सी | १०१७६ | नेपालगंज | मु.शा.का.काठ |
| सहायक चौथो | श्री किरण प्रसाद उपाध्याय | ९७६५ | सिन्धुली | टेकु |
| सहायक चौथो | श्री सावित्री सुवाल | ११५३६ | बनेपा | के.का.वित्त बिभाग |
| सहायक चौथो | श्री रश्मी श्रेष्ठ | ११५५४ | नारायणघाट | के.का.वित्त बिभाग |
| सहायक चौथो | श्री पुनम कोइ्रा | ११५१६ | धुलिखेल | के.का.व्यवस्थापन सुचना प्र.तथा व्या.बिभाग |
| सहायक चौथो | श्री ज्ञानु रुपा पौडेल | ११५१२ | भरतपुर | थापाथली |
| सहायक चौथो | श्री मिरा डंगोल | ११५२३ | बालाजु | मा.सं.बिभाग |
| सहायक चौथो | श्री नवराज अधिकारी | ११५१८ | महाराजगंज | अ.शा.हि.मिलान बिभाग |
| सहायक चौथो | श्री लसता श्रेष्ठ | ११५२६ | सुर्यबिनायक | के.का.व्यवस्थापन सुचना प्र.तथा व्या.बिभाग |
| सहायक चौथो | श्री निभा सिंह | ११५१५ | किर्तिपुर | प्र.का.अ.को कार्यालय |
| सहायक चौथो | श्री स्मिता भण्डारी | ११५४९ | वुढानिलकण्ठ | संस्थागत तथा साना मझौला क.बिभाग |
| सहायक चौथो | श्री निर्मला श्रेष्ठ | ११५०२ | कलंकी | के.का.व्यवस्थापन सुचना प्र.तथा व्या.बिभाग |
| सहायक चौथो | श्री तेज प्रसाद आचार्य | ११५३३ | भजनी | कार्ड पेमेण्ट एण्ड से.बिभाग |
| लेखा अधिकृत | श्री राजु चन्द्र दाहाल | ९१५२ | बिराटनगर | क्षे.का. विराटनगर |
| लेखा अधिकृत | श्री दामोदर ज्ञवाली | ११२१२ | के.का. ट्रेजरी बिभाग | संस्थागत तथा साना मझौला क.बिभाग |
| लेखा अधिकृत | श्री भाग्य नारायण झा | ८८२६ | कलैया | श्रीपुर |
| लेखा अधिकृत | श्री चेत राज भट्ट | १११८५ | क्षे.का.नेपालगंज | महेन्द्रनगर |
| लेखा अधिकृत | श्री सुरेश ठाकुर | ७४३७ | सिराहा | राजविरज |
| लेखा अधिकृत | श्री राम नारायण मण्डल | ८४६४ | लाहान | क्षे.का. विरगंज |
| लेखा अधिकृत | श्री शंकर पहारी | १००३६ | वुटवल | भैरहवा |
| लेखा अधिकृत | श्री प्रमोद अधिकारी | ११२०२ | महेन्द्रपुल | भरतपुर |
| लेखा अधिकृत | श्री हेम राज मरहठ्ठा | १११६९ | नारायणघाट | महेन्द्रपूल |
| लेखा अधिकृत | श्री योगेन्द्र ठाकुर | ८१८३ | पिडारीचोक | क्षे.का. विराटनगर |
| लेखा अधिकृत | श्री ऋषि राम ढकाल | १११८७ | पृथ्वीचोक | नारायणघाट |
| लेखा अधिकृत | श्री पवन कुमार सापकोटा | ११२१८ | क्षे.का. विरगंज | पिडारीचोक |
| लेखा अधिकृत | श्री शोभाकर गौतम | ९४७९ | पाल्पा | पृथ्वीचोक |
| लेखा अधिकृत | श्री दिनेश प्रसाद गौतम | १११६६ | बर्दघाट | हेटौडा |
| लेखा अधिकृत | श्री ध्रुव प्रसाद अर्याल | १११७३ | पार्दी | कावासोती |
| लेखा अधिकृत | श्री पुष्प चन्द्र थापा | १११७५ | कावासोती | संस्थागत तथा साना मझौला क.बिभाग |
| लेखा अधिकृत | श्री राधाकृष्ण भेटवाल | ९६०४ | सानोठिमी | कार्ड पेमेण्ट एण्ड से.बिभाग |
| लेखा अधिकृत | श्री पवन रेग्मी | १११७० | संस्थागत तथा साना म. क.बि | सानोठिमी |
| सह लेखा अधिकृत | श्री बालमुकुन्द प्रसाद श्रेष्ठ | ९८६२ | टेकु | व्रान्च अपरेशन बिभाग |
| सह लेखा अधिकृत | श्री सविन राज अधिकारी | ११६०२ | वुटवल खस्यौली | रामनगर |
| सह लेखा अधिकृत | श्री दिलिप कुमार थापा | ९६६६ | वेल्टार | कलैया |
| सह लेखा अधिकृत | श्री अनिरुद्र उपाध्याय | ११०५८ | श्रीपुर | कृषि तथा सामाजिक वै.बिभाग |
| सह लेखा अधिकृत | श्री भोला कुमार कार्की | १११०२ | ओखलढुंगा | वेल्टार |
| सह लेखा अधिकृत | श्री गणेश वहादुर खड्का | ६४९३ | किर्तिपुर | क्षे.का.काठमाण्डौं |
| सह लेखा अधिकृत | श्री बाल कृष्ण खरेल | ९३५६ | सुनवल | टेकु |
| सह लेखा अधिकृत | श्री वरुण लाल कर्ण | ११०९३ | विरगंज | लाहान |
| सह लेखा अधिकृत | श्री राम जुलम यादव | ८७४३ | सुखिपूर | सिराहा |
| सह लेखा अधिकृत | श्री मनोज विलास पन्त | ११०८० | कुश्मा | पार्दी |
| सह लेखा अधिकृत | श्री मेदिनी बिलास घिमिरे | १११०८ | क्षे.का. पोखरा | कुश्मा |
| सह लेखा अधिकृत | श्री राम कृष्ण श्रेष्ठ | ८७२४ | कोटीहवा | बर्दघाट |
| सह लेखा अधिकृत | श्री गोपाल प्रसाद नेपाल | ९६८९ | परासी | कोटीहवा |
| सह लेखा अधिकृत | श्री रुक्मागत मुडभरी | ९१६० | परासी | क्षे.का. पोखरा |
| सह लेखा अधिकृत | श्री धन श्याम ज्ञवाली | ६३५१ | क्षे.का. नेपालगंज | गुल्मी |
| सह लेखा अधिकृत | श्री सन्तोष कुमार काफले | १०७४३ | वुटवल खस्यौली | परासी |
| का.मु.ना.मु.अ. | श्री राधेश्याम योगी | १०४२४ | महेन्द्रनगर | क्षे.का.नेपालगंज |
| का.मु.ना.मु.अ. | श्री सिता राम अधिकारी | ९८५९ | भरतपुर | अमरसिंहचोक |
| का.मु.ना.मु.अ. | श्री उत्तम प्रसाद अधिकारी | १००१९ | हेटौडा | के.का.आ.ले.प.बिभाग |
| का.मु.ना.मु.अ. | श्री जिवन कुमार सिग्देल | १०६८६ | अमरसिंह चोक | के.का.आ.ले.प.बिभाग |
| नायव मुख्य अधिकृत | श्री श्याम कुमार ठाकुर | १००१२ | राजविराज | क्षे.का.विरगंज |
| का.मु.स.मु.अ. | श्री टिकाराम के.सी | १००४३ | वुटवल खस्यौली | क्षे.का.पोखरा |
| का.मु.स.मु.अ. | श्री राजकुमार खड्का | ९९९९ | भैरहवा | वुटवल |
| का.मु.ले.अ. | श्री बालमुकुन्द पाठक | ६२२१ | भैरहवा | पाल्पा |
| सवारी चालक (५) | श्री दया राम रानामगर | ८८७६ | सामान्य सेवा बिभाग | क्षे.का. काठमाण्डौं |
| सहायक पांचौ | श्री सुरेन्द्र प्रसाद राउत | १०१९७ | क्षे.का.विरगंज | कलैया |
| सहायक पांचौ | श्री गोविन्द हरि मुल | ३२१८ | कलैया | श्रीपुर |
| सहायक पाचौ | श्री कमला के.सी | ६८८४ | बालाजु | क्षे.का. पोखरा |
| सह लेखा अधिकृत | श्री दिनेश शर्मा | ४८८२ | प्र.का.अ.का. | निजगढ |
| सह लेखा अधिकृत | श्री शिव पाण्डे | ८२२७ | निजगढ | पुल्चोक |

## तालिम

यस बैंकका का.मु. कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझा,का.मु नायव महाप्रवन्धक गोपाल चन्द्र शर्मा,का.मु. नायव महाप्रवन्धक भेष राज पन्थी,सह मुख्य अधिकृत सरस्वती अधिकारी,सह मुख्य अधिकृत देवेन्द्ररमण खनाल,सह मुख्य अधिकृत सुनिल पोखेल रसह मुख्य अधिकृत शिव कुमार मैनालीले १६ अप्रिल २०१३ देखि १९ अप्रिलसम्म अन्तर्राष्ट्रिय बैंकिंग व्यवसायबारे भियतनाममा संचालित तालीम कार्यक्रममा सफलतापूर्वक भाग लिनुभयो ।

## युनियन गतिविधि

### नेपाल वित्तीय संस्था कर्मचारी संघ रावावैंकको क्षेत्रीय अधिवेशन

चैत २६ थापाथली

**"रावावैंकमा कार्यरत ट्रेड यूनियनहरू विधिसम्मत ढंगले चल्नु पर्छ,कर्मचारीले संस्थाको हित चिताएर काम गर्नु पर्छ, कम्तिमा पनि आफूले पाएको पारिश्रमिक बरावरको श्रम बैकलाई दिनु पर्छ ।"**

उक्त कुरा रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले नेपाल वित्तीय संस्था कर्मचारी संघ रावावैंक लि.केन्द्रीय कार्यालय क्षेत्रीय समितिको समुद्घाटन समारोहमा प्रमुख अतिथिको आसनबाट सम्बोधनको क्रममा बताउनुभएको हो । आयोजक समितिका अध्यक्ष आशा विष्टको सभापतित्वमा सम्पन्न उक्त समारोहमा यू.एन.आई.का लेख प्रसाद



बुर्लाकोटी,नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय सदस्य केशमाया जोशी, आयोजक केन्द्रीय समितिका सल्लाहकार शिवराम पौडेल, आयोजक समितिका सचिव विनोद श्रेष्ठ, नेपाल राष्ट्रिय कर्मचारी संगठनका तर्फबाट शंकर अधिकारी, रावावैंक कर्मचारी संधका तर्फबाट  ममता भुजेलले शुभकामना मन्तव्य दिनुभएको थियो । आयोजक संघका हरिश्चन्द्र गौतमको संचालनमा सम्पन्न सो कार्यक्रममा कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझा, का.मु.नायव महाप्रवन्धकद्वय माधवराज पन्त, भेषराज पन्थी, ट्रेड यूनियन कांग्रेस वाग्मती क्षेत्रका अध्यक्ष खगेन्द्र खत्री, आयोजक संघ केन्द्रीय समितिका अध्यक्ष उद्धव प्रसाद गौतमको समुपस्थिति थियो । सो क्षेत्रीय अधिवेशनले शेखर राज शर्मा अध्यक्ष हरिश्चन्द्र गौतम उपाध्यक्ष,कुशप्रसाद कुंईकेल सचिव, सुमन पराजुली सहसचिव, सविता सुवेदी कोषाध्यक्ष रहेको २२ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

## समाचार सङ्क्षेप

### तालीम कार्यक्रमहरू सम्पन्न

राष्ट्रिय वाणिज्य बैंक तालीम तथा विकास विभाग र कार्ड पेमेन्ट तथा सेटलमेन्ट विभागको संयुक्त आयोजनामा बैंकले प्रयोगमा ल्याएका एटिएम, एटिएम कार्ड, इबैकिंग, ब्रान्चलेस बैकिंग जस्ता नयां सेवा सुविधाहरूको गुणस्तर अभिवृध्दि गर्ने उध्देश्यले दुई दिवशीय तालीम कार्यक्रमको आयोजना गरियो।१५ कार्यालयका २३ कर्मचारीको  सहभागीता रहेको  उक्त तालीम कार्यक्रममा बैंकका कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझा र क्षेत्रीय प्रवन्धक महेन्द्र अवस्थीले मन्तव्य दिनुभएको थियो ।

यसैगरी राष्ट्रिय वाणिज्य बैंक तालीम तथा विकास विभाग र आन्तरिक लेखा परीक्षण विभागको संयुक्त आयोजनामा विभिन्न स्थानहरूमा आन्तरिक लेखा परीक्षण सम्बन्धी गोष्ठी । तालीम सम्पन्न भएका छन् । (तालीम तथा विकास विभागका मणि ढुंगानाबाट प्राप्त जानकारीको आधारमा)

### रक्तदाता समाजमा गुभाजु

रावावैंक केन्द्रीय कार्यालय आन्तरिक लेखा परीक्षण विभागका अगम मान गुभाजु स्वयम्सेवी रक्तदाता समाजको उपाध्यक्षमा निर्वाचित हुनु भएको छ ।

### रिजालको रजत खुशी

राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय वित्त विभागमा कार्यरत व.स. महेश रिजाल २५ वर्ष एकै पदमा रही हालै सह लेखा अधिकृतमा बढुवा हुनुभएको छ । लामो अन्तरालमा बढुवा हुंदा कस्तो लाग्यो भन्ने बैंक समाचारको जिज्ञाशामा रिजालले आफू एकदम खुशी भएको प्रतिक्रिया दिनुभयो । वधाई छ रिजालजीलाई ।

(राष्ट्रिय वाणिज्य बैंक परम्परागत म्यानुअल पध्दतीबाट हालको कम्प्युटराईज्ड अवस्थामा आईपुगेको छ । बैंकलाई यस स्थानमा ल्याईपुऱ्याउन धेरै व्यवस्थापक तथा कर्मचारीको योगदान छ, यी नामहरुमध्ये सूचना प्रविधि विभागका प्रमुख कपिलमणी ज्ञवाली शीर्ष स्थानमा हुनुहुन्छ । मिहिनेत र परिश्रम गरेमा संसारमा केही असम्भव छैन विचारमा दृढ, कर्मवीर ज्ञवालीको संस्मरण सबैलाई रोचक र प्रेरणादायी हुने ठानी समावेश गरिएको छ । –सम्पादक)

# राष्ट्रिय वाणिज्य वैंकको यान्त्रिकीकरण अभियानका मेरा केही अनुभवहरू



**मन लगाएर काम गर्दा जो मज्जा आउँछ,**
**त्यो मज्जा मनोरञ्जनका कुन साधनमा होला ?**

कपिलमणि ज्ञवाली

कुरा आज भन्दा करिव १० वर्ष अघि २०५८ साल तिरको हो । त्यतिवेला मुलुक द्वन्दको चपेटामा थियो । म शाखा कार्यालय ठाडामा कार्यरत थिए, त्यति नै वेला दुर्गम स्थानका शाखाहरू सुरक्षाका दृष्टिले सदरमुकाम तर्फ लैजाने क्रममा शाखा कार्यालय ठाडालाई पनि उच्च व्यवस्थापनको आदेशमा शाखा कार्यालय सन्धिखर्कमा गाभ्नको लागि वरवुझारथ गरे पश्चात मलाई पनि काठमाडौं उपत्यका भित्रका शाखाहरूमा जागिर खाने अचानक इच्छा जाग्यो जसको फलस्वरुप आफ्नो इच्छा सम्वन्धित निकायमा व्यक्त गरी सरुवा माग गरें । अन्ततः २०५८ सालको आाषाढमा मेरो सरुवा शाखा कार्यालय वानेश्वरमा भएको जानकारी आयो । यद्यपी वानेश्वर मेरो रोजाईको शाखा थिएन । संयुक्त परिवारको सदस्य भएकोले मेरो सहोदर भाईको परिवार लैनचौर वस्ने भएकोले ठमेल शाखा भए मलाई सजिलो हुने थियो भन्ने मनमा लागिरहेको थियो । तर सोचे जस्तो भएन । वानेश्वर शाखामा लेखा अधिकृत पदमा कामकाज गर्ने गरी गरिएको सरुवालाई आत्मसात गर्दै म वानेश्वर जान तयार भएं । वैंकले खटाएको ठाऊंमा जान मैंले कहिल्यै पनि आनाकानी गरिंन किनकि यसो गर्न मेरो स्वभावले कहिल्यै दिएन । त्यतिवेला उपत्यका वाहिरवाट सरुवा भै आउनु त्यो पनि मागेकै ठाऊंमा, व्यवस्थापनको दृष्टिले सम्भवत अनुचित मान्ने गरिन्थ्यो होला ।

उपत्यका वाहिर जागिर खाने सर्वसाधारण कर्मचारीहरूलाई उपत्यका भित्र सरुवा भएर आउनु त्यतिवेला फलामका च्युरा चपाए जस्तै थियो । जव थुप्रै शाखाहरू एक आपसमा गाभिंदै गए त्यस पछि वढि भएका कर्मचारीको सरुवा उपत्यका भित्र हुने क्रम तिव्र हुंदै गयो । यसै सहजताले मलाई पनि काठमाडौं उपत्यकामा जागिर खाने अवसर दिएछ । आज पछि फर्केर हेर्दा उपत्यका छिरेको पनि १० वर्ष भएछ ।

त्यतिवेला जव म शाखा कार्यालय सन्धिखर्कवाट रमाना वुझेर काठमाडौं प्रस्थान गर्न लाग्दैं थिंए, शाखामा आयोजित मेरो विदाई कार्यक्रममा तत्कालिन शाखा प्रवन्धक श्री ओम प्रकाश आचार्यज्यूले राख्नु भएको मन्तव्य मेरो जीवनमा कहिल्यै नविर्सिने वाणि भएर गुन्जीरहेकोछ । मन्तव्यको सारंश यस्तो थियो “उपत्यका भित्र जांदै हुनुहुन्छ, उपत्यका काम गर्ने मान्छेले काम गरेर देखाउने उपयुक्त ठाऊ हो । ठुला हाकिमहरूको नजरमा छिट्टै पर्न सकिन्छ । तर वानेश्वर शाखामा जांदै हुनुहुन्छ, वचेर काम गर्नु होला ।”

वास्तवमा L/C प्रकरणले गर्दा राष्ट्रिय वाणिज्ज वैंक त्यतीवेला चर्चाको उत्कर्षमा थियो । त्यसमा पनि वानेश्वर शाखाको नाम अग्रपंक्तिमा भएकोले ओमसरले म प्रतिको सदासयताका कारण त्यसो भन्नु भएको हो भन्ने मैंले ठम्याएं ।

सन्धिखर्कवाट काठमाडौंका लागि रमाना हुदा मेरा ३ वटा सपना थिए । पहिलो कम्प्युटर चलाउने, दोश्रो गाडी चलाउने र तेश्रो फरर अंग्रेजी वोल्ने । म सोच्दै काठमाडौं आएं मेरा यि सपना पुरा गर्न म निरन्तर लागि रहनेछु । जव म वानेश्वर शाखामा हाजिर भएं नितान्त नौलो वातावरणमा पुगेको अनुभूति हुन गयो । शहरिया वातावरणमा काम गरिरहेका साथीभाईहरूको कार्यशैली, सोंच र आनीवानी लगायत कांठका मान्छेलाई हेर्ने दृष्टिकोण नवुझिकन म त्यती खुल्न सकिन र खुल्ने कुरा पनि भएन । त्यसवेलाको सन्दर्भमा पछिमात्र साथीहरूवाट थाहा पाएं, अन्तरंग नहुंदा सम्म मलाई घमण्डी रहेछ भनेर साथिहरूले अनुमान गर्नु भएको रहेछ । केही पुर्वपरिचित मित्रहरू मध्ये हाल असुलि विभागका प्रमुख रहनु भएका नरेशराज अर्याल त्यतीवेला वानेश्वर शाखामै कार्यरत हुनुहुन्थ्यो । प्रारम्भ देखि हाल सम्म पनि एउटै व्याचका साथी भएकोले भलाकुसारीका क्रममा पहिलो दिननै कम्प्युटर तालिम लिने र ड्राइभिंग सिक्ने आफ्नो सपना नरेशजीलाई व्यक्त गरें तर सायद Hesitation का कारणले गर्दा होला अंग्रेजी सिक्ने कुरा भने व्यक्त गर्न सकिंन । कुराकानीको क्रममा २-३ महिना भित्रै शाखामा कम्प्युटर आउने भएकोले इन्स्टिच्यूटमा गएर कम्प्युटर सिक्नुको सट्टा शाखामै सिक्न राम्रो हुने नरेशजीले सुझाव दिनुभयो । अफिसवाटै व्यवस्था भएर ६ महिनाको कम्प्युटर तालिम लिई सक्नु भएका नरेशजीको कुरा सुनेपछि मैंले भनें “नरेशजी तपांईले त कम्प्युटर तालिम लिई सक्नु भएछ, आफ्नो सिप देखाउन कहिल्यै चुक्नु हुंदैन । तपांईले केही गरेर देखाउनु पर्छ” सम्भवत Motivation को लागि मैंले त्यसो भनेको थिंए । वास्तवमा काम गर्नु पर्छ र अरुलाई पनि गर्न लगाउनु पर्छ भन्ने भावनाको विकास ममा वाल्यकालमै विकास भएको थियो । मेरो वुवा तथा हजुरवुवावाटै मैंले काम गर्नुपर्छ भन्ने उत्प्रेरणा पाएको थिंए ।

मेरो वुवा सरकारी जागिरे भएर पनि अत्यन्त मिहिनेती हुनुहुन्थ्यो । कार्यालयको काम अत्यन्त इमान्दारीका साथ गर्नु हुन्थ्यो र छुट्टिको दिनमा घरको हरेक काममा निरन्तर लागि रहनु हुन्थ्यो । सामाजिक काममा हजुरवुवा अझ अग्रसर हुनुहुन्थ्यो । वुवाका धेरै कुराहरू अनुकरणीय थिए । त्यसमध्ये केही कुरा मैंले पनि अनुशरण गरे जस्तो लाग्दछ त्यो हो Dedication । यसको सानो उदाहरण यस्तो थियो : दशौं ताका गाऊंघरमा परम्परागत रुपमा चलि आएको वाटो,कुलो आदि खन्ने काममा प्रायः अभिभावकहरूले आफ्ना छोराछोरीहरूलाई पठाउंदा ससाना कुटो, कोदालो दिएर सार्वजनिक काम कम गर्न (झारा टार्न) प्रेरित गर्थे तर मेरो वुवा भन्नुहुन्थ्यो “ वावु वलियोसंग कम्मरमा पटुका कसेर जाऊ । राम्रो खन्ने कोदालो लिएर जानुपर्छ । सामाजिक काम राम्रो संग गर्नु पर्छ । वरु सक्दैनौ भने म आफैं जान्छु ।” अर्को एक प्रसङ्ग : शाखा कार्यालय पाल्पामा घर पायक जागिर खाने क्रममा एकदिन पौने दश वजे सम्म अफिस प्रस्थान नगरेको देखेर वुवाले भन्नु भयो “ हेर वावु जागिर खाए पछि जिम्मेवार हुनुपर्छ, अफिस जान कहिल्यै ढिला नगर्नू, अफिस गएपछि पनि कहिल्यै खाली नवस्नू ।”

वुवा स्वर्गवास भएको आज ८ वर्ष वितिसकेछ । जीवन त दुई दिनको चोला मात्र हो , छोडेर जाने त सत्कर्म मात्रै हो । वुवाको शरिर आज छैन तर वहांको काम प्रतिको Dedication मेरो निम्ति सदा प्रेरणाको श्रोतको रुपमा रही रहेको छ । वुवाको त्यो Spirit लाई मैंले पनि केही हद सम्म अनुशरण गरे जस्तो लाग्दछ । सायद यसै कारणले गर्दा होला मलाई निरन्तर रुपमा काम गरिरहन मन लाग्छ । एउटा प्रसङ्ग : कलैया शाखा कम्प्युटराइज्ड गर्ने क्रममा कतै वाहिर ननिस्कि ३ दिन ३ रात निरन्तर काम गरेको देखेर एकजना मित्रले भन्नु भएको थियो “ सर कति धेरै काम गर्नु हुन्छ, यसरी काम गऱ्यो भने त टि.वि.लाग्न सक्छ । कुनै वेला त यसो मनोरंजन पनि त गर्नु पर्छ नि ।” मित्रको यस्तो सुझावलाई मैंले मान्न सकिंन । वरु यस्तो भावना मनमा आयो । “ मन लगाएर काम गर्दा जो मज्जा आउंछ । त्यो मज्जा मनोरंजनका कुन साधनमा होला ? जसले कामलाई नै खेल र मनोरंजनको रुपमा आत्मसात गरे पछि अरु साधनको पछि किन लाग्ने ? काम गरेर जुन अनुभव प्राप्त हुन्छ त्यो अतुलनिय हुन्छ । मौकामा गरेको काम नै भावी जीवनको लागि प्रेरणाको श्रोत वन्न सक्छ । विगतमा दुखःका साथ गरेको काम सम्झेर जुन गर्वको अनुभूति हुन्छ त्यो नै असली मज्जा होइन र ? कलैयामा गरेको त्यो दुखः र मिहिनेत फेरी मैंले गर्न चाहेर पनि गर्न सक्दिन । जुन वेला जे जे काम गरें ति सवै मेरो जीवनमा पथ प्रर्दशक भएका छन् । वानेश्वर शाखावाट सुरु भएको शाखा यान्त्रिकिकरणको यात्रा केही समय अघि नै पुरा भै सकेको छ । त्यसैले मलाई लाग्छ हामीले प्राप्त गरेका उपलव्धीहरू कसैले गरेका मिहिनेत र परिश्रमका परिणाम हुन । असम्भव भन्ने केही छैन हामीले सच्चा मनले चितायौं भनें पुऱ्याई दिने अर्कैछ जस्तो लाग्दछ ।

कम्प्युटरसंग नजिक रहेका साथीहरूको अभावकै विच सुरु भएको यान्त्रिकिकरणको यात्रा वैंकका सवै शाखाको यान्त्रिकिकरण पछि मात्र रोकिन्छ भन्ने आत्मविस्वास वानेश्वर शाखा कम्प्युटराइज्ड भएकै दिन ममा पलाई सकेको थियो । हामीलाई थाहा छ, एक्लैले चाहेर पनि घर वनाउन सकिंदैन । सवै चिजको जोहो गर्नु पर्छ । साधन र श्रोतको व्यवस्थापन विना यि कुराहरू असम्भव नै हुन । तर जनशक्ति निर्माणको हिसावले शाखा कार्यालय वानेश्वरका साथीहरूले मन, वचन र कर्मले System Implementation मा खटेकै परिणाम स्वरुप जुन सफलता प्राप्त गरियो त्यसकै अनुभवको आधारमा उपत्यका भित्रका सिंहदरवार, मैतिदेवी, वालाजु, गौशाला लगायतका शाखामा यान्त्रिकिकरण गर्ने सफलता प्राप्त भयो । वानेश्वर शाखाका साथीहरूलाई साथ लिएर अहोरात्र काम गर्नाले जुन सफलता मिल्यो यसको सवैतिरवाट सह्राहना र प्रशंशा भयो फलस्वरुप अन्य शाखामा System Implementation गर्न ठुलो प्रेरणा मिल्न गयो ।...

*क्रमशः आगामी अंकमा*

## राष्ट्रिय वाणिज्य बैंक...

कम्पनी सचिव टेकराज जोशीको संचालनमा सम्पन्न उक्त साधारण सभामा बैंक संचालक समितिका सदस्यहरू राजन खनाल,विष्णुदास डंगोल, पितृभक्त पोखेल, वालचन्द्र श्रेष्ठ, लक्ष्मण न्यौपाने र वैंकका का.मु.कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझा, का.मु.नायव महाप्रवन्धकहरू माधवराज पन्त, गोपालचन्द्र शर्मा, गिरिजानन्द पनेरु, भेषराज पन्थी, विभागीय प्रमुखहरू र वरिष्ठ अधिकृतहरूका साथै बैंकमा कार्यरत ३ वटै कर्मचारी यूनियनका प्रतिनिधिको सहभागिता थियो । वि.सं.२०२२ साल माघ १० गते पूर्ण सरकारी स्वामित्वमा



स्थापित यस बैक वि.सं. २०६३ मा कम्पनी ऐन अन्तर्गत दर्ता भएपछि यसअघि ५ वटा साधारण सभाहरू सम्पन्न भैसकेकोमा हाल आ.व. ०६७ ।०६८ र आ.व.०६८।०६९ को छैठौं तथा सातौ वार्षिक साधारण सभा एकसाथ आयोजना गरिएको हो । देशभर १४२ शाखा, १० काउन्टर, ९ वटा ब्रान्चलेस बैकिंग संजाल रहेको यस बैंकका सबै शाखाबाट कुनै पनि शाखा बैकिंग सेवा (एनि ब्रान्च बैकिंग सर्विस् -एविविएस) उपलब्ध छ भने ५० वटा एटिएम आउटलेट रहेका छन् ।

## ठोसेमा राष्ट्रिय वाणिज्य बैंकको शाखारहित बैकिंग सेवा

बैकिंग पहुंच विस्तार गर्ने उध्देश्यले राष्ट्रिय वाणिज्य बैंकले रामेछापको व्यापारिक केन्द्र ठोसेमा शाखारहित बैकिंग (ब्रान्चलेस बैकिंग) सेवा आरम्भ गरेको छ । उक्त सेवाको राष्ट्रिय वाणिज्य बैंकका का.मु.नायव महाप्रवन्धक भेषराज पन्थी र शारदोदय वहुमुखी क्याम्पस संचालक




समितिका अध्यक्ष श्यामलाल श्रेष्ठले संयुक्त रुपमा समुद्घाटन गर्नुभयो । रावावैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्यको सभापतित्वमा सम्पन्न शुभारम्भ समारोहमा सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवालीले स्वागत मन्तव्यसहित रावावैंकद्वारा प्रदत्त आधुनिक सेवाहरूबारे प्रकाश पार्नुभएको थियो ।

बैकका सह लेखा अधिकृत ईश्वरी न्यौपानेको संचालनमा सम्पन्न उक्त समारोहमा ठोसे गा.वि.स.का पूर्व अध्यक्ष जगत बहादुर आले , शारदोदय वहुमुखी क्याम्पसका प्रमुख भगवान कार्की ,स्थानीय समाजसेवी ललित बहादुर श्रेष्ठ,महिला प्रतिनिधि सुश्री लक्ष्मी कार्की लगायतका वक्ताहरूले मन्तव्य दिनुभएको थियो । यस सेवाको सुसन्चालननिम्ति बैंकले स्थानीय प्रतिष्ठित सुरेश कुमार श्रेष्ठलाई व्यावसायिक प्रतिनिधिको जिम्मेबारी दिएको छ। स्मरण रहोस, राष्ट्रिय वाणिज्य बैंकद्वारा नवलपरासीको त्रिवेणी , तनहुंको वन्दिपुर,चितवनको वरुवावजार, कपिलवस्तुको पिपरा ,अर्घाखांचीको ठाडा र अछामको वयलपाटामा यसअघि नै ब्रान्चलेस बैकिंग सेवा आरम्भ गरिएको थियो । *(ईश्वरी न्यौपानेको सहयोगमा)*

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

**माघ १९, २०६९, काठमाण्डौ**

राष्ट्रिय बाणिज्य बैंक लि. तालिम तथा बिकाश बिभाग र बित्त विभागको संयुक्त आयोजनमा यहि माघ १९ गते शुक्रबार निवृत्तीभरण भुक्तानीमा देखिएको समस्या र समाधानका उपायहरू बिषयक १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माको उपस्थितिमा आयोजित सो कार्यक्रममा कार्यकारी निर्देशक ज्योती चन्द्र ओझा, निबृत्तीभरण ब्यबस्थापन कार्यालयका प्रमुख शिवनाथ पौडेल, उप–सचिब हेमन्त राज निरौला लगायत सो कार्यालयका अन्य अधिकृत तथा कर्मचारीहरूको उपस्थिति थियो भने महालेखा नियन्त्रक कार्यालयका तर्फबाट उप–महालेखा नियन्त्रक श्री सीताराम कार्कीको उपस्थिति रहेको थियो ।

अन्तरक्रिया कार्यक्रमा वित्त बिभागका प्रमुख सुरेन्द्र कुमार बजिमयोले हाल रा.वा.बैंकले सरकारी कारोबार र निबृत्तीभरण बितरण कार्य देशभरी छरिएर रहेका यस बैंकमा हिमालदेखि तराई र मेचीदेखि महाकाली सम्मका शाखा कार्यालयहरूले गर्दै आएकोले यसमा देखिएका समस्यालाई सबन्धित निकायबाट समाधान निकाल्नु पर्नेमा जोड दिनु भएको थियो र सो सम्बन्धि कार्यपत्र बिभागका उप–प्रमुख चार्टर्ड एकाउन्टेण्ट सरस्वती अधिकारी, चार्टर्ड एकाउन्टेण्ट विमल डंगोल र लेखा अधिकृत उत्तम बहादुर ढुङ्गानाले प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा हाल बैकबाट निबृत्तीभरण लिनेमा निजामती/प्रहरी तर्फ ५४,२४३, नेपाली सेना तर्फ ३६,८००, शिक्षक तर्फ १४,६०५ गरि जम्मा १,०६,६४८ जनाका अतिरिक्त नेपाल राष्ट्र बैंक, ने.कृ.अ.परिषद तथा आफ्नो बैंकका निबृत्त कर्मचारीहरू रहेको जानकारी गराईयो । यसरी नि.भ.लिने कर्मचारीहरूलाई हाल वार्षिक रु ९ अरब वरावर नि.भ. बितरण हुने र सो रकम बैंकले आफूसँग भएको निक्षेप रकमबाट अग्रिम बितरण गर्दै शोधभर्ना माग गर्दै पूर्ति गर्नु पर्ने भएकोले सो को सट्टा अग्रीम रुपमा केही रकम आ.व.को सुरुमा नै बैंकमा जम्मा गर्ने प्राबधान राखिनु उपयुक्त हुने कुरामा जोड दिइयो ।



उक्त अन्तरक्रिया कार्यक्रममा निवृत्तीभरण भुक्तानी सम्बन्धि नेपाल सरकारले लागू गरेको नियम अन्तरगत रही बैंकले भुक्तानी गर्नुपर्ने भएकोले सो नियमले केही नि.भ. भुक्तानी पाउने पूर्व कर्मचारीहरूलाई अप्ठचारो परेको अवस्थामा समेत बैंकले भुक्तानी गर्न नमिल्ने भै बैंकसंग असहमती पर्न गै बैंकको ब्यवसायीक साखमा नै असर पुग्न सक्ने समेत हुन गएकोले भुक्तानीको नियमहरूमा केही फेरबदल गर्नु जरुरी भएको जानकारी गराइयो । नेपाल सरकारले राष्ट्रिय बाणिज्य बैंक लि.लाई हालसम्म सोधभर्ना गर्न बाँकि करिब ३ अरब रकम चाडै प्राप्त भएमा बैंकको अवस्थामा अझै ठूलो परिवर्तन आउन सक्ने भएकोले सम्बन्धित निकायले चाडो शोधभर्नाको कार्य सम्पन्न गर्न जोड दिएको थियो ।

सोही कार्यक्रममा उप–महालेखा नियन्त्रक सिताराम कार्कीले राष्ट्रिय बाणिज्य बैंक लि.नेपाल सरकारको पूर्ण स्वामित्वको बैंक भएको र यसले नेपाल सरकारको कार्यक्रमहरूमा पुऱ्याएको सहयोगप्रति नेपाल सरकार कृतज्ञ रही यसको सुधारको लागि हर प्रयास गरिरहेको र गत आ.व.को अन्तमा यस बैंक र ने.बै.लि.को पूजी संरचनाको लागि ५ अरब रकम स्वीकृत गरि पूँजी बृद्धिमा पठाएकोले यी बैंकले नेपाल सरकारको कार्यक्रमहरूमा सहयोग पुऱ्याई रहदा बैंकलाई नै फाइदा पुग्ने बिचार राख्दै निबृत्तभरण भुक्तानी को लागि आवश्यक पर्ने रकमहरूको बारेमा समयमा नै सोधभर्ना गर्दै जाने नीति तर्जुमा गर्न लागिरहेको जानकारी गराउनु भयो ।

कार्यक्रमको अन्त्यमा प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शमाले सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्दै बैंकले हाल सामाजिक सुरक्षा भत्ता समेत बितरण गरिरहेको जानकारी गराउनु भयो । साथै यी सबै कार्यक्रमले सामाजिक क्षेत्रमा राम्रो गर्न चाहँदा चाहँदै पनि सम्बन्धित निकायबाट केही कुराहरूको ब्यबस्थापन हुन नसक्दा सो को नराम्रो असर बैंकलाई पर्ने र सोबाट बैंकको छविमा नकारात्मक टिप्पणी हुनाले बैंकको ब्यापारिक छविमा असर पर्ने देखिन्छ । यसले गर्दा सबैबाट हुने कमजोरी हटाउनु आजको आवश्यकता रहेको बताउनुभयो ।

इन्द्रेणी कम्प्लेक्स बानेश्वरमा आयोजित सो कार्यक्रममा सूचना प्रबिधि बिभागका प्रमुख कपिल मणी ज्ञवालीले बैंकले हाल सूचना तथा प्रबिधिमा गरेको प्रयास र भावी रणनीति प्रस्तुत गर्नु भयो । *(सुरेन्द्र बजिमयोको सहयोगमा)*

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Krishna Prasad Sharma, Advisor : E.D. Jyoti Chandra Ojha, Chief Editor : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Kalpataru Printing Press Pvt. Ltd., Kathmandu